## बैठक नं.१०

आज मिति २०७९।०८।१८ गते आईबारका दिन रुन्टीगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय होलेरी, रोल्पाका अध्यक्ष श्री जनक पुनज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलका पदाधिकारीको उपस्थितिमा बसि देहाय बमोजिम निर्णय गरियो।

### तपसिल

| क्र.सं. | नामथर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | जनक पुन | अध्यक्ष | रुन्टीगढी ७, रोल्पा | |
| २ | सरिता के.सी. | उपाध्यक्ष | रुन्टीगढी ३, रोल्पा | |
| ३ | रेमन्त बहादुर डाँगी | प्रमुख प्रशासकीय अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| ४ | थम बहादुर घर्ती मगर | १ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी १, रोल्पा | |
| ५ | भिउलाल पुन मगर | २ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी २, रोल्पा | |
| ६ | गणेश गिरी | ३ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ३, रोल्पा | |
| ७ | टंक बहादुर पुन | ४ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ४, रोल्पा | |
| ८ | गोविन्द बहादुर डाँगी | ५ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ५, रोल्पा | |
| ९ | घन बहादुर घर्तीमगर | ६ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ६, रोल्पा | |
| १० | टेकलाल पुन | ७ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ७, रोल्पा | |
| ११ | तुल्सी पुन | ८ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ८, रोल्पा | |
| १२ | चेतलाल खत्री | ९ नं वडा अध्यक्ष (कार्यपालिका सदस्य) | रुन्टीगढी ९, रोल्पा | |
| १३ | रेशमा बहकरी | कार्यपालिका सदस्य | रुन्टीगढी ८, रोल्पा | |
| १४ | प्रेमा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी ६, रोल्पा | |
| १५ | रिता के.सी. | कार्यपालिका सदस्य | रुन्टीगढी ५, रोल्पा | |
| १६ | गंगा वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी २, रोल्पा | |
| १७ | रेख बहादुर वि.क. | कार्यपालिका सदस्य | रुन्टीगढी १, रोल्पा | |
| १८ | गिरीराज कामी | कार्यपालिका सदस्य | रुन्टीगढी ३, रोल्पा | |
| १९ | सानुबाबु खड्का | प्रशासन अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| २० | झग्गु के. सी. | लेखा अधिकृत | रुन्टीगढी गाउँपालिका | |
| २१ | गोपाल पोखरेल | लेखापाल | रुन्टीगढी गाउँपालिका | |

**प्रस्ताव तथा निर्णयहरुः**

१. माग आकृति फाराम पठाउने सम्बन्धमा।
२. काम नलाग्ने जिन्सी सामान लिलाम मिनाहा गर्ने कार्यविधि सम्बन्धमा।
३. जग्गाको वर्गीकरण सम्बन्धमा।
४. सुरक्षित नागरिक आवास सम्बन्धमा।
५. आर्थिक सहायता वितरण कार्यविधि, २०७७ संशोधन सम्बन्धमा।
६. विविध।

**निर्णय नं १.**

प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेशको चलानी नं २४०, मिति २०७९।०६।२४ को पत्रबाट स्वीकृति दरबन्दी अनुसार रिक्त पदको पदपूर्तिको लागि माग आकृति भरी पठाउने भनि लेखि आएकोले यस रुन्टीगढी गाउँपालिकाको कार्यालयमा रिक्त रहेका तपसिल बमोजिम पदहरुको माग आकृति भरी पठाउने।

तपसिल

| क सं | पद | सेवा/समुह/उपसमुह | तह | माग संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | स.म.बि.नि. | विविध | चौथो | १ | |
| २ | अ.सब इन्जिनियर | सिभिल | चौथो | २ | |
| ३ | सहायक | प्रशासन | चौथो | २ | |
| ४ | सब इन्जिनियर | सिभिल | पाँचौ | ४ | |
| ५ | सहायक | प्रशासन | पाँचौ | ६ | |

**निर्णय नं २.**

जिन्सी निरीक्षणबाट मर्मत संहार गर्दा समेत काम नलाग्ने खालका जिन्सी सामाग्रीहरु लिलाम तथा मिनाहा गर्नु पर्ने हुदा रुन्टीगढी गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४ को दफा २३ बमोजिम देहाय बमोजिमको कार्यविधि स्वीकृत गरि लागु गर्ने।

तपसिल

**निर्णय नं ३.**

रुन्टीगढी गाउँपालिकामा रहेका जग्गाहरुको बर्गीकरणका लागि भू उपयोग ऐन २०७६ र भुउपयोग ऐन २०७९ ले तोकेको मापदण्डका आधारमा कृषि क्षेत्र जस्ता क्षेत्र र गैर कृषि क्षेत्र बर्गीकरण गरि कित्ता काट प्रयोजनका लागि सिफारिस गर्नु पर्ने भएकोले सो सम्बन्धमा छलफल हुदा थप अध्ययन गरि आगामि बैठकबाट जग्गाको बर्गीकरण सम्बधि कार्य टुङ्गयाउने।

**निर्णय नं ४.**

सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत चालु आ ब मा बिनियोजित बजेट अनुसार कार्य गर्न यस अघि मिति २०७९।०४।०३ को कार्यपालिका बैठकबाट वडागत रुपमा कोटा बाँडफाँड भए अनुसार वडाको सिफारिस सहित प्राप्त दरखास्त दिने ब्यक्तिहरुसँग सम्झौता गर्ने र सो अनुसारको कार्य सम्पन्न भएपछि सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५ बमोजिको रकम भुक्तानि दिने।

**निर्णय नं ५.**

आर्थिक सहायता वितरण कार्यविधि २०७७ माथि देहाय बमोजिम संशोधन गर्ने।

१. दफा २ को खण्ड (क) को "कुनै पनि किसिमको दैवीक वा मानबीय कारणबाट जीउज्यान धनजन चौपाय र अन्य सम्पत्ती क्षति भएको ब्यक्तिलाई गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग भन्ने बुझाउछ " को सट्टा देहायको शब्दावली राख्ने

"विपदबाट प्रभावित बाहेक अन्य कारणबाट सिर्जित अबस्थाको लागि दिइने आर्थिक सहयोगलाई जनाउछ।"

२. दफा २ को खण्ड (ख) र (ग) हटाउने।

३. परिच्छेद २ को "प्राकृतिक प्रकोप तथा मानबीय संकटहरु" भन्ने शब्दाविलीको सट्टा "मानबीय संकट र सहायता रकम" भन्ने शब्दावली राख्ने ।

४. त्यसपछिको दफा "१ राखि मानबीय संकट र सहायता रकम" देहाय बमोजिम हुनेछ भन्ने शब्दावली राख्ने।

(क) मानबीय संकट र सहायता रकम

| क सं | मानबीय संकट | सहायता रकम |
|---|---|---|
| १ | नेपाल सरकारले तोकेका दीर्घ रोगहरु | रु१०००० |
| २ | बाहिरबाट आएको वा बेवारिशे शबको दाहसंस्कार | रु२५००० |
| ३ | बैदेशिक रोजगारका क्रममा मृत्यु भएमा | रु२५००० |
| ४ | बिषाक्त पदार्थका कारण मृत्यु भएमा (बिष सेवन गरि मृत्यु भएका बाहेक) | रु२५००० |

५. दफा १ को खण्ड (क) पछि देहायको दफा २ र ३ राख्ने

"२. दफा सानोतिनो अबस्था वा समस्या भएको हकमा आर्थिक सहायता उपलब्ध गराउन अध्यक्षलाई मनासिब लागेमा अध्यक्षको तोकआदेशबाट बढिमा रु ३००० सम्म उपलब्ध गराउन सकिने"।

६. "३. दफा १ र दफा २ बमोजिमको आर्थिक सहायता रकम प्राप्त गर्नका लागि देहायको खण्ड (क) बमोजिम कागजातहरु संलग्न राख्नुपर्ने"

"खण्ड क आर्थिक सहायता प्राप्त गर्न राख्नु पर्ने कागजातहरु

(१) दफा १ को आर्थिक सहायताका लागि प्रहरी मुचुल्का

(२) वडा कार्यालयको सिफारिस

(३) सम्बन्धित पक्ष वा संरक्षकको निवेदन

(४) स्वास्थ्य उपचारको सम्बन्धमा अस्पताल भर्ना भई उपचार गराएको आधिकारीक कागजात

**निर्णय नं ६.**

यस रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता, कमजोर आर्थिक अबस्थालाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका व्यक्तिहरुलाई पाँच वटा मुख्य रोग (आर्थिक सहायता कार्यविधि,२०७५ अनुसार, मुटु, मृगौला, क्यान्सर, प्यारालाइसिस र एच.आइ.भि एड्स) का विरामीहरुको आर्थिक सहायता कार्यविधि, २०७५ बमोजिम र सामान्य विरामिहरुलाई अध्यक्षज्यूको तोकादेश अनुसारको आर्थिक सहयोग दिने।

तपसिल

| क्र सं | नामथर | ठेगाना | समस्या | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | विर बहादुर वली | रुन्टीगढी ९ रोल्पा | मुटुको समस्या | रु.१०,०००/- | |
| २ | टोप बहादुर राना | रुन्टीगढी ६ रोल्पा | ढाँड भाच्चिएको नशा च्यापिएको | रु.१०,०००/- | |
| ३ | रक्षानि थापा | रुन्टीगढी ६ रोल्पा | पेटको समस्या | रु.१०,०००/- | |
| ४ | घमण्ड बहादुर दमै | रुन्टीगढी ९ रोल्पा | हात खट्टाको समस्या | रु.५,०००/- | |
| ५ | मुक्त बहादुर बुढा | रुन्टीगढी २ रोल्पा | खुट्टामा रगत जमेको मुटु | रु.८,०००/- | |
| ६ | कमानसिं राना | रुन्टीगढी २ रोल्पा | दमको रोगी | रु.६,०००/- | |
| ७ | गोमा घर्ति मगर | रुन्टीगढी ५ रोल्पा | छातिको क्यान्सर | रु.१०,०००/- | |
| ८ | चन्द्रज्योति सेजवाल | रुन्टीगढी ९ रोल्पा | टाउकोमा गम्भिर चोट | रु.१०,०००/- | |
| ९ | न्याउलि घर्ति | रुन्टीगढी २ रोल्पा | मृगौलाको समस्या | रु.१०,०००/- | |
| १० | देविराम वि क | रुन्टीगढी ५ रोल्पा | मुटुको रोगी | रु.१०,०००/- | |
| ११ | डम्बर बहादुर बुढा | रुन्टीगढी ५ रोल्पा | मृगौलाको पत्थरी | रु.५,०००/- | |

**निर्णय नं ७.**

सुनछहरी प्राविधिक शिक्षालय घोराही दाङको चलानि नं १०, मिति २०७९।०७।१८ मा विद्युत प्राविधिक ३ जना, लघु उद्दम विकास कार्यकर्ता (३ जना महिला सहित) गरि जम्मा ६ जना विपन्न तथा जेहनदार विद्यार्थी सीप तथा व्यवसायीक तालिम कार्यक्रम अन्तर्गत जम्मा शुल्क रु. २,११,५००/- (दुई लाख एघार हजा पाँच सय मात्र) गाउँपालिकाबाट व्यहोर्ने गरी छात्रबृत्तीको लागि विद्यार्थि उपलब्ध गराउनु हुन भनि प्रस्ताव आएकोले सो अनुसार वडाहरुको समन्वयमा जेहनदार विद्यार्थी छनौट गरी पठाउने।

**निर्णय नं ८.**

आ.ब. ०७९।८० मा रुन्टीगढी गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार लोक सेवा तयारी कक्षा कार्यक्रम तत्काल संचालन गर्ने व्यवस्था मिलाउने तथा कार्यक्रम संचालन सम्बन्धमा यस गाउँपालिकामा कार्यविधि/निर्देशिका हाल स्वीकृति भइ नसकेको अवस्था भएकोले हाललाई कक्षा संचालन/नमुना परिक्षा संचालन तथा सकेसम्म ह्यान्डस आउट समेत गरी रु. १,५००/- मा नबढने गरी प्रशिक्षण खर्च र खाजा खर्च वापत प्रति सहभागी रु ५० का दरले उपलब्ध गराउने।

**निर्णय नं ९.**

यस गाउँपालिकाको उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतलाई विभिन्न कामको लागि समय समयमा सवारी साधनको आवश्यकता पर्ने भएकोले कार्यालयको मौजुदा सवारी साधनले नभ्याउने अबस्थामा भाडामा सवारी साधन लिई कार्य संचालन गर्ने।

**निर्णय नं २.** शिक्षा समितिको निर्णय अनुमोदन

रुन्टीगढी गाउँपालिकाको शिक्षा समितिको मिति २०७९।०५।२८ गतेको बैठकबाट भएका देहायका निर्णयहरु अनुमोदन गर्ने

क) रुन्टीगढी गाउँपालिकाको स्थानीय पाठ्यक्रम तथा शिक्षा योजनाको निर्माण गर्ने प्रक्रियाको थालनि गर्ने।

ख) त्रिपुरेश्वरी आ.वि. खारामा दरबन्दी भइ बालकल्याण प्रा.वि. बाइजामा काजमा खटिनु भएका शिक्षक कैलाश कुमार खत्रीलाई निर्वाचनको आचार संहिताको समाप्ति पश्चात शिव प्रा.वि. सापडाँडामा खटाउने गरी पठाउन कार्यपालिकामा सिफारिस गर्ने।

**निर्णय नं ४.** मतदाता शिक्षा कार्यक्रम संचालन

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानि नं १५५ मिति २०७९।०६।२४ को पत्रबाट स्थानीय स्तरमा मतदाता शिक्षा कार्यक्रम सांचालनका लागि आबश्यक जानकारी तथा समन्वयका लागि लेखि आएकोले निर्वाचन आयोगको पत्र संख्या ३४ मिति २०७९।०६।१४ को संलग्न पत्र बमोजिम उपलब्ध

मतदाता शिक्षा कार्यक्रम निर्देशिका बमोजिम यस रुन्टीगढी गाउँपालिकामा संचालन गरिएको मतदाता शिक्षा कार्यक्रमलाई अनुमोदन गर्ने।